## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३३/२०८०/०८१

**निर्णय नं.(१)**

प्रस्ताव नं.(१) माथि छलफल गर्दा मोरङ जिल्लाको कानेपोखरी गाउँपालिकामा आजसम्म पनि एम्बुलेन्स नभएको साथै यस गाउँपालिका भित्र विशेषज्ञ सेवा उपलब्ध हुने गरी कुनै ठूला अस्पताल समेत नरहेकोले यहाँका विरामीहरुको शिघ्र उपचार गराउनमा समस्या आएको हुँदा काठमाण्डौं महानगरपालिकालाई १ थान एम्बुलेन्स उपलब्ध गराईदिनु हुन अनुरोध गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(२)**

प्रस्ताव नं.(२) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको वार्ड नं.३ स्थित सुरक्षित आवास कार्यक्रम अन्तर्गतको आवास निर्माण कार्य हाल सम्म सम्पन्न नभई केहि कार्य बाँकी रहेको हुँदा उक्त कार्यको लागि मिति २०८०।०९।१५ सम्म म्याद थप गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(३)**

प्रस्ताव नं.(३) माथि छलफल गर्दा "आमाको सिप सन्तानलाई आर्गेनिक गुन्द्रुक मोरङ्लाई" कार्यक्रम संचलानको लागी विनियोजित बजेटको सिमा भित्र रही कानेपोखरी वार्ड नं.२ स्थित साना किसान कृषि सहकारी संस्था केरौन, सहज र कानेपोखरी गाउँपालिकाको संयुक्त साझेदारीमा कार्य गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(४)**

प्रस्ताव नं.(४) माथि छलफल गर्दा प्रचलित कानुन बमोजिम पुराना घरहरुको अभिलेखिकरण तत्काल थाल्ने र बाँकी अभिलेखिकरण गर्न चाहने इच्छुक घरधनीहरुलाई निवेदन दिन पुनः१ महिनाको समय सिमा तोकि सूचना निकाल्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(५)**

प्रस्ताव नं.(५) माथि छलफल गर्दा "घ" वर्गका निर्माण व्यवसायीहरु ईजाजतपत्रलाई व्यवस्थित गर्न पेश भए बमोजिम "घ" वर्गका निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७४" लाई स्वीकृत गर्ने निर्णय सर्वसम्मबाट पारित गरियो।

**निर्णय नं.(६)**

प्रस्ताव नं.(६) माथि छलफल गर्दा आ.व.२०८०।८१ को नीति तथा कार्यक्रमको बुँदा नं. ५० मा उल्लेखित विपन्न परिवारलाई मृत्यु संस्कार व्यवस्थापन खर्च वापत रु.१०,०००।– दिने भनि निर्देश गरे बमोजिम मृत्यु संस्कार खर्च उपलब्ध गराउने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**मिति २०८०।०६।१३ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय**

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३३/२०८०/०८१

### निर्णय नं.(७)

प्रस्ताव नं.(७) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाबाट पटक पटक विराटनगर स्थित मानव धर्म सेवा आश्रममा अनाथ तथा वेवारिसे व्यक्तिहरुलाई पठाउने गरेको हुँदा उक्त आश्रमलाई रु.१ लाख रकम बराबरको चामल प्रकृयागत रुपमा खरिद गरि उपलब्ध गराउने भनि निर्णय सर्वसम्मतबाट पारित गरियो।

### निर्णय नं.(८)

प्रस्ताव नं.(८) माथि छलफल गर्दा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरङको च.नं.३५१ मिति २०८०।०२।२८ को प्राप्त पत्रमा संघिय कार्यक्रम अन्तर्गत संचालित केशी प्रदेश सरकार जिल्ला आयुर्वेद स्वास्थ्य केंन्द्र मोरङ विराटनगरद्वारा कानेपोखरी गाउँपालिकाको वार्ड नं.२ मा संचालित नागरिक आरोग्य सेवा केन्द्र मार्फत स्थानीय नागरिकहरुको घरभेट, सचेतना अभियान, स्वास्थ्य जीवनशैली सम्बन्धि परामर्श जंस्ता कार्यले उक्त स्थानका जनताहरुको स्वास्थ्य स्थीतिमा सुधार ल्याउन महत्वपूर्ण भूमिका रहेको तर आगामि आ.व.मा संघीय सरकारबाट बजेट कटौती भै आएकोले उक्त केन्द्रमा कार्यरत का.स.को पारिश्रमिक उपलब्ध गराउन सहयोग गर्न हुन भनि अनुरोध भै आएकोले प्रदेश सरकार जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रबाट नियुक्ती भै विगत देखि नै करार सेवामा कार्यरत का.स. अनिता धिमाललाई निरन्तरता दिई आर्को आ.व. सम्मको लागी म्याद थप गरी नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन शिर्षकबाट पारिश्रमिक उपलब्ध गराउने निर्णय सर्वसम्मतबाट पारित गरियो।

### निर्णय नं.(९)

प्रस्ताव नं.(९) माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन तथा व्यवस्थापन गर्दा उक्त रोजगार कार्यक्रमको लागि संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदानबाट संचालित कार्यक्रमहरुमा उपभोक्ताहरुबाट लागत सहभागिता गर्न नसक्ने अवस्था देखिएकोले उक्त कार्यक्रममा लागत सहभागिता नगराई कार्यक्रम सञ्चालन गर्ने तर पालिकाको बजेटबाट विनियोजित भै उक्त रोजगार कार्यक्रम संगै सम्झौता भै कार्य गरिने कार्यक्रमको छुट्टै लागत ईस्टिमेट बनाई १५%, लागत सहभागिता अनिवार्य हुनुपर्ने भनि निर्णय सर्वसम्मतबाट पारित गरियो।

### निर्णय नं.(१०)

प्रस्ताव नं.(१०) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकामा सञ्चालित रेमि परियोजनामा तोकिएको कर्मचारी व्यवस्थापन गर्ने शिल शिलामा पालिकाबाट पटक पटक (तिन पटक) दरखास्त आव्हान गर्दा समेत सामाजिक परिचालक पदमा महिला उम्मेदवार प्राप्त हुन नसकेका र उक्त आयोजनाको प्रकृति कार्य विवरण हेर्दा सामाजिक परिचालक पद अनिवार्य हुनुपर्ने देखिएको र



CamScanner

**कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३३/२०८०/०८१**

"वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सामाजिक पुनः एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९" मा र रेमी परियोजनाका तोकिएको पदहरुको कार्य विवरणमा समेत सामाजिक परिचालक २ जना मध्ये १ जना अनिवार्य हुनुपर्ने व्यवस्था रहेको देखिन्दैन साथै उक्त परियोजनामा हालसम्म छनौट भएका तीनै पदहरुमा कानेपोखरी गाउँपालिका भन्दा बाहिरका व्यक्तिहरु छनौट भएकाले आगामी दिनमा परियोजनाको कार्यान्वयनको चरणमा व्यक्तिको घर घरमा गएर सामाजिक परिचालन गर्दा समेत केहि अफठ्यारा देखिएकाले र उक्त पदमा पुनः चौथो पटक विज्ञापन गर्दा समेत महिला उम्मेद्वार आउन सम्भावना नदेखिएकोले सामाजिक विकास मन्त्रालय कोशी प्रदेश; विराटनगरलाई समेत राय माग गरि वैकल्पीक उम्मेद्वारलाई नियुक्ति गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(११)**

प्रस्ताव नं.(११) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको वार्ड नं.५ तथा कानेपोखरी गाउँपालिकाका सबै वडाहरुमा मापदण्डमा नपरेका सडकहरुको अवस्था ज्यादै नाजुक भएको जसको मर्मत सम्भार नगरेमा नागरिकलाई प्रत्यक्ष मार पर्ने देखिएकोले १ पटकलाई त्यस्ता सडकहरुमा ग्राभेल हाली स्तरोन्नती गर्न सहमति प्रदान गर्ने निर्णय भनि सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(१२)**

प्रस्ताव नं.(१२) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिका स्थित सामुदायिक वनहरुमध्ये २ नं. र ३ नं. क्षेत्रमा देखिएका समस्याहरु समाधान गर्न तथा सहजिकरण गर्न वडा नं.७ को वडाध्यक्ष श्री मोहनप्रसाद अधिकारीलाई जिम्मा दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(१३)**

प्रस्ताव नं.(१३) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिका क्षेत्रभित्र सञ्चालन गर्न एम्बुलेन्स खरिदको सिफारिस माग भई आएको खरिद गर्ने व्यक्ति, निकाय संस्था आफैले सञ्चालन तथा व्यवस्थापन गर्ने र पालिकाको कुनै थप आर्थिक दायित्व सिर्जना नहुने गरी जुनसुकै व्यक्ति, संघ/संस्था, डोनरलाई एम्बुलेन्स खरदि गर्न सिफारिस दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(१४)**

प्रस्ताव नं.(१४) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकामा रहेका सबै वडाका सडकहरु हाल खाल्डा खुल्डी परि यातायातमा समस्या भैरहेको भनि जनस्तरबाट व्यापक गुनासो प्राप्त भएको र आउनै लागेको वडा दशैंमा आवात जावत कार्यलाई सहज बनाउन अत्यावश्यक देखिएकोले पालिकाको मर्मत सम्भार कोषबाट खर्च हुने गरी निम्न रकम बराबरको बजेटबाट सडकहरुको मर्मत सम्भार गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।



राजमती ... अध्यक्ष

CamScanner

## कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्याः २/३३/२०८०/०८१

तपसिल

- वार्ड नं.१- रु.१,२०,०००।–
- वार्ड नं.२- रु.१,२०,०००।–
- वार्ड नं.३- रु.१,००,०००।–
- वार्ड नं.४- रु.१,००,०००।-
- वार्ड नं.५- रु.१,२०,०००।–
- वार्ड नं.६- रु.१,२०,०००।–
- वार्ड नं.७- रु.१,००,०००।–

जम्मा रु.७ लाख ८० हजार

### निर्णय नं.(१५)

प्रस्ताव नं.(१५) माथि छलफल गर्दा सुकुम्वासीहरुलाई व्यवस्थापन गर्ने कार्यमा खटिने प्राविधिक कर्मचारीहरुलाई २०८०।०४।०१ गते देखि लागु हुने गरी कानेपोखरी गाउँपालिकाको अतिरिक्त समयमा खटिने कर्मचारीहरुलाई प्रोत्साहन उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७९" बमोजिम काम गरेको दिनको बढिमा रु.५००।– हुने गरी प्रोत्साहन रकम उपलब्ध गराउने त्यसभन्दा बाहेक अन्य खाजा खाना वापत कुनै सुविधा नदिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

### निर्णय नं.(१६)

प्रस्ताव नं.(१६) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको गाउँ सभा १४ औं अधिवेशनको तेस्रो बैठक मिति २०८० साल असोज २४ गते बुधबार गाउँसभा राख्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

### निर्णय नं.(१७)

प्रस्ताव नं.(१७) माथि छलफल गर्दा देहाय बमोजिमको विविध निर्णय सर्वसम्मतबाट पारित गरियो।

१. कानेपोखरी गाउँपालिकामा संघिय सरकारबाट सशर्त अनुदान वापत प्राप्त हुने मेडपा कार्यक्रममा बजेट घटेर आएको हुनाले दुई जना कर्मचारी राख्न आवश्यक नदेखिएकोले अब देखि मेडपा कार्यक्रमको लागि १ जना मात्र कर्मचारी राख्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**मिति २०८०।०६।१३ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय**

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३३/२०८०/०८१

२. रमाईलो प्रहरी चौकीको मोटरसाईकल मर्मत गर्न आवश्यक देखिएकोले लागत इष्टिमेट बनाई सो बमोजिम मर्मत गरि भुक्तानी गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

३. वार्ड नं.६ को विहिबारे बजारमा पुरानो स्वास्थ्यको भवनमा भूमि व्यवस्थापनका लागि नापँजाँच गर्ने कर्मचारीहरुको अफिस व्यवस्थापनमा लागेको मर्मत खर्च विल भरपाई बमोजिम उपयुक्त शिर्षकबाट भुक्तानी दिने ।

४. कानेपोखरी गाउँपालिकाको वार्ड नं.२ मा विधुत विस्तारको कार्यको लागि आ.व.२०७९।८० मा संचालित योजनाको भुक्तानी बाँकी रहेकोले भुक्तानी गर्ने ।

५. कोशी बहिरा संघबाट क्रिकेट खेल प्रतियोगितामा सहभागी हुन काठमाण्डौं जाने भएकाले आर्थिक सहयोग वापत रु रु.८,०००।– उपलब्ध गराउने।

६. कानेपोखरी वार्ड नं.६ को वडा कार्यालयबाट सिफारिस भै प्राप्त भएको जग्गा नापँजाँच कार्यमा खटिएका चेनमेन सहजीकरण समितिले खाएको खाना खाजा वापतको भुक्तानी भएको रकमलाई अनुमोदन गरियो।

७. कानेपोखरी वार्ड नं.५ स्थित कालिकोशी २ नं. सिंचाई पैनि बाँध निर्माण मर्मत उपभोक्ता समितिले आ.व.०७८।०७९ मा रु.१,२५,०००।– लागत सहभागिता अग्रिम जम्मा गरेको र केही कारणवस योजना सञ्चालन नभएकोले उक्त रकम उपभोक्ता समितिलाई फिर्ता गर्ने ।

८. कानेपोखरी गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माणको लागि लुथरन सामुदायिक कल्याण समाजसँग सम्झौता बमोजिम उक्त योजनाहरु सम्पन्न भई पेश हुन आएकाले सम्झौता बमोजिम छनौट भएको संस्था हाम्रो कन्सेल्टेन्सी सेवा फिदिम-२, पाँचथरलाई रु. ९९,०००।– दिने निर्णय भयो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।



राजमती इङ्नाम
अध्यक्ष